नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७२

# नेपालगञ्ज उप-महानगरपालिकाको

## केन्द्रीय स्वास्थ्यजन्य फोहर प्रशोधन केन्द्र संचालनका लागि

# कार्य शर्त (ToR)

**कार्य विवरण तथा सेवा सर्तहरु (कार्य क्षेत्रगत शर्त)**

नेपालको संविधान २०७२ को धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भने व्यवस्था रहेको छ भने उपधारा (२) मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षेतिवापत पीडितलाई प्रदुषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने संवैधानिक व्यवस्था समेत रहेको छ । नयाँ संबैधानिक व्यबस्था अनुसार स्थानीय तहलाई कानुनी तथा आर्थिक रुपमा अधिकार सम्पन्न बनाई फोहर ब्यवस्थापन र बातावरण संरक्षणको जिम्मेवारी दिईएको छ ।

फोहरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को दफा ८ को उपदफा १ अनुसार नगरपालिका हुनको लागि नै फोहरमैलाको व्यवस्थापन तथा अन्तिम बिसर्जन स्थलको उचित प्रबन्ध हुनु पर्ने प्राबधान छ । फोहरमैला व्यवस्थापन ऐन २०६८ मा फोहोरमैला व्यवस्थापनको दायित्व स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औधोगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ भनि किटान गरिएको छ ।त्यसै गरी कुनै उधोग वा स्वास्थ्य संस्थाले हानिकार फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औधोगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन स्थानीय निकायलाई अनुरोध गरेमा वा स्थानीय निकायले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयो गर्न माग गरेमा स्थानीय निकायले निर्धाण गरे बमोनिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ । फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार : फोहोरमैला भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य जन्य फोहोरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सुचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ । फोहोरमैलाहरुको व्यवस्थित संकलन, प्रशोधन र काम नलाग्ने फोहोरमैलाहरुको अचित तवरले विसर्जन गर्ने कार्य नै फोहरमैला व्यवस्थापन हो । फोहरमैलालाई न्यून गर्ने, फोहरमैलाको वर्गीकरण गर्ने, प्रशोधन गर्ने, पुनः प्रयोग गर्ने, फोहरबाट वातावरणमा पर्ने असरलाई न्यून गर्न फोहरमैलाको यथोचित र वैज्ञानिक व्यवस्थापन गर्ने कार्य नै फोहोरमैला व्यवस्थापन हो ।

**स्वास्थ्य संस्थाजन्य फोहोरमैला** : अस्पताल, क्लिनिक, फार्मेसी, औषधि पसल, ब्लड बैंक, प्याथोलोजिकल, प्रयोगशाला, पशु-स्वास्थजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकार फोहोरमैलालाई बुझिन्छ ।

विश्व स्वास्थ्य संगठन को अनुसार स्वास्थ्य संस्था जन्य फोहोरमैला भन्नाले"All the waste generated within health care facilities, research centers and laboratories related to medical procedures. In addition, it includes the same types of waste origination from minor and scattered source, including waste produced in the course of health care undertaken in home ( e.g home dialysis, self-administration of insulin, recuperative care**. आदि जनाउदछ ।**

**स्वास्थ्य सेवाजन्य फोहोरलाई निम्न बमोजिम वर्गीकरण गरेको छ ।** Non risk health care waste, health care waste requiring special attention, infectious and highly infectious waste, other hazardous waste and radioactive waste. Non-risk health care waste again categorized in three types recyclable healthcare waste, biodegradable health care waste and other non-risk health care waste. Waste requiring special attention are human anatomical waste, sharp waste, pharmaceutical waste, cyto-toxic pharmaceutical waste and bloods and body fluid waste.

स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापन निर्देशिका २०७७ ले मूख्य गरेर सामान्य र जोखिमपूर्ण (General and Hazardous ) फोहोरको रुपमा वर्गीकरण गरेको छ । जोखिमरहित फोहोरलाई कुहिने तथा नकुहिने फोहोरको रुपमा वर्गीकरण गरेको छ । जोखिमपूर्ण फोहरलाई ६ प्रकारमा वर्गीकरण गरेको फोहोर

- संक्रमित फोहर
- प्याथलोजिकल फोहर
- धारिला फोहर
- फर्मास्युटिकल
- जिनोटोक्सिक साइटोटक्सिक फोहर
- रासायनिक फोहर
- रेडियोधर्मी फोहर

फोहोर प्रशोधन तथा विसर्जन सम्बन्धमा, स्वास्थ्य संस्था भित्र स्वास्थ्य संस्था प्रमुखको नेतृत्वमा फोहर व्यवस्थापन तथा स्वास्थ्य सुरक्षा समिति गठन गर्नु पर्ने र स्थानिय निकाय तथा राष्टिय निकायका संध संस्थाको जिम्मेवारी पनि प्रस्तुत गरिएको छ ।

नेपालगञ्ज उप-महानगरपालिका बढ्दो शहरीकरण संगै विकासका अवधारणहरु पनि कार्यान्वयनमा पनि अधि बढि सकेको छ । नेपालगञ्जका ४ वटा विकासका खम्बाहरुमा उधोग-व्यापार, शिक्षा, स्वास्थ्य र पर्यटन पर्दछन् । त्यस मध्य स्वास्थ्य संस्था तथा औधोगिक प्रतिष्ठान बाट उत्पादन हुने संक्रमित तथा हानिकार फोहरलाई श्रोतमा नै छुट्टाइ सम्बन्धित संस्थाले नै निर्मलिकरण गरी संक्रमण रहित बनाएर मात्र नगरजन्य फोहरमा मिसाउन पाइने व्यवस्था गरिएको छ तर स्वास्थ्य संस्थाको संख्या तथा सेवाहरु बढ्दै जानेक्रममा फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य फोहर उत्पादन पनि बढ्नु स्वाभाविक हो । व्यवस्थापन निर्देशिकाले संक्रमित तथा हानिकार फोहर अनिबार्य रुपमा छुट्टयाउन भने पनि नेपालका सबै जसो स्वास्थ्य संस्थाहरुमा यसको अनुशरण नगर्दा संक्रमित फोहरको मात्रा अत्याधिक बढेको छ । यस्ता संक्रमित फोहर सिधै नगरपालिकाको फोहरमा मिसाउदा सबै फोहर नै संक्रिमित भई मानब

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

स्वास्थ्य तथा बातावरणमा गम्भिर असर गर्दछ । त्यसैले स्वास्थ्य संस्थाहरुले संक्रमित फोहर तथा जोखिमयुक्त फोहरलाई श्रोतमा नै छुट्टाइ जति सक्दो कम उत्पादन गर्नु पर्ने हुन्छ ।
ठुला स्वास्थ्य संसथाहरुले जस्तै ठुला अस्पतालमा फोहर उत्पादन पनि धेरै हुने र आर्थिक रुपमा पनि सबल हुने भएकाले संक्रमित फोहरलाई आफ्नै अस्पताल भित्र प्रशोधन गर्न सक्षम देखिएता पनि साना स्वास्थ्य संस्थाहरुमा उक्त प्रविधि स्थापना गरि संचालन गर्नु आर्थिक तथा ब्यवस्थापकीय रुपमा अफ्ठ्यारो देखिन्छ । यस्तो परिस्थितिमा स्थानीय सरकारको सहयोगमा केन्द्रिकृत प्रशोधन केन्द्रको स्थापना गरि नेपालगञ्ज क्षेत्र भित्र भएका सबै स्वास्थ्य संस्थाहरु बाट उत्पादन हुने संक्रमित तथा हानिकारक फोहरको निर्मलिकरण गर्दा अर्थिक तथा व्यवस्थापकिय हिसाबमा सहज हुन्छ ।

## नेपालगञ्जको हालको पृष्ठभुमी

नेपालगञ्ज उप-महानगरपालिकाले नगरजन्य फोहर व्यवस्थापनमा आबश्यक पर्ने एकिकृत फोहर व्यवस्थापनका सबै पूर्वाधारहरु निमार्ण भई संचालनमा आइसकेको तर नगर क्षेत्र भित्र भएको भेरी अस्पताल बाहेक कुनै पनि संस्थाहरु बाट उत्पादन हुने संक्रमित तथा हानिकारक फोहरलाई निर्मलिकरण गरि सुरक्षित नबनाइएकोले उपमहानगरको फोहर स्यानेटरी ल्यानफिल्ड साइटमा व्यवस्थापन गर्न नहुने रहेको छ । नेपालगञ्ज उप-महानगरपालिकालाई मेडिकल हब बनाउने उद्देश्यले, स्वास्थ्यजन्य फोहर व्यवस्थापनका लागि नेपालगञ्ज उप-महानगरपालिका र जर्मन सरकारको (एस.टु. एच.एस.एस.पि) कार्यक्रम अर्न्तरगत वडा नं २३ हिरमिनिया ल्यानफिल्ड साइटमा भवन सहित, ४०० लिटरका २ वटा भ्याकुम अटोक्लेभ, १ वटा र बेलर मेसिन स्थापित गरि र विधुत जडान गरिसकेको छ । नेपालगञ्ज उप-महानगरपालिका र जि.आइ.जेड को अध्ययन प्रतिवेदन अनुसार नेपालगञ्ज उप-महानरपलिका अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट प्रति दिन १२४२ के.जि स्वास्थ्य जन्य फोहर उत्पादन हुन्छ । बर्तमान अवस्थामा ७३% फोहर संक्रमित र हानिकार रहेको छ र यसलाई पूर्ण रुपमा वर्गिकरण गरेको खण्डमा संक्रमित फोहर ३२ % हुने देखिन्छ ।

### मुख्य उद्देश्य
नेपालगञ्ज उप-महानगरपालिकामा केन्द्रिकृत फोहर प्रशोधन केन्द्र संचालन गरी नगर भित्र उत्पादन हुने स्वास्थ्य जन्य फोहर मैलालाई निर्मलिकरण गरि व्यवस्थापन गर्ने ।

### अन्य उद्देश्यहरु

- स्वास्थ्य संस्थाबाट उत्पादन हुने फोहर व्यवस्थापनका लागि नेपाल सरकार तथा नेपालगञ्ज उप-महानगरपालिको ऐन, निति तथा निर्देशिका बमोजिम कार्यान्वयन निर्देशिका बनाउने ।
- स्वास्थ्य संस्थामा कार्यरत सरसफाईकर्मीलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।
- स्वास्थ्य संस्थामा सिर्जित फोहरलाई स्रोतमानै बर्गिकरण गर्ने । स्वास्थ्य संस्थाबाट फोहर जोखिमयुक्त र जोखिम रहित फोहरलाई छुट्याएर, जाखिमयुक्त फोहरलाई निर्मलिकरण गर्न आटोक्लेभ सन्चालन गर्ने ।
- अटोक्लेभ संचालन प्रकृया र मर्मत तालिका बनाउने ।
- स्वास्थ्य संस्थाको फोहर व्यवस्थापन गर्दा लाग्ने खर्चका लागि नेपालगञ्ज उप-महानगरपालिकाले निर्धारण गरेको सेवा शुल्क उठाउने ।

**अपेक्षित परिणाम**

नेपालगञ्ज उप-महानगरपलिकालाई स्वच्छ र सफा शहर साथै मेडिकल हब बनाउने सोच अनुरुप स्वास्थ्य जन्य फोहरको उचित व्यवस्थापन भएको हुनेछ ।

**कार्यहरु**

- केन्द्रिकृत फोहर प्रशोधन केन्द्र संचालन गर्ने ।
- जोखिमयुक्त फोहर र सामान्य फोहरलाई विभाजन गर्ने ।
- आवश्यकता अनुसार अस्पतालका सरसफाई कर्मचारी तथा सरोकारवालालाई अभिमुखिकरण तथा तालिम दिने
- स्वास्थ्य संस्था तथा अस्पतालहरुको संम्वन्वयमा फोहरको वर्गिकरण गर्ने ।
- फोहरको लेखाजोखा गर्ने ।
- फोहर सुरक्षित ढुवानिका लागि सवारी साधनको व्यवस्थापन गर्ने ।
- फोहरलाई प्रशोधन केन्द्र सम्म बन्द गाडीमा ढुवानि गर्ने ।
- जोखिमयुक्त फोहरलाई निर्देशिका वा प्रोटोकल अनुसार निर्मलिकरण गर्ने ।
- पुन प्रयोग हुन सक्ने फोहरलाई छुट्याई विक्री गर्ने र पुन प्रयोग हुन नसक्ने फोहरलाई बेलरको प्रयोग गरी आयात घटाइ सेनेटरी ल्याडफिल्ड साइटमा विसर्जन गर्ने ।
- सुई, सिसा जस्ता फोहरहरुलाई निर्देशिका बमोजिम छुट्टै कंक्रिट भल्ट(सिमेन्टको) बनाई विसर्जन गर्ने ।
- रेडियोधर्मी जस्ता फोहरहरुलाई निर्देशिका बमोजिम सुरक्षित व्यवस्थापन गर्ने ।
- स्वास्थ्य संस्था तथा अस्पतालमा फोहर उठाउने तालिका बनाई लागु गर्ने ।
- अटोक्लेभ संन्चालन तथा खर्चहरु विधुत, पानी, उपकरण मर्मतको व्यवस्थापन गर्ने ।
- फोहर स्रोतमानै छुट्याउने देखि विसर्जन सम्मका लागि कर्मचारी व्यवस्थापन गर्ने ।
- नेपालगञ्ज उप-महानगरपालिका वातावरण तथा सरसफाई शाखालाई मासिक प्रतिवेदन पेश गर्ने ।

**कर्मचारी र पेशागत सुरक्षाको व्यवस्था**

**संस्थामा हुनुपर्ने जनशक्ति**

१. परियोजना संयोजक - १ जना

योग्यता : स्नातक वा सो सरह

अनुभव : सरसफाई तथा फोहर व्यवस्थापनमा कम्तिमा ३ बर्षको अनुभव भएको ।

(सुभरभाइजरको पनि कर्तव्य निर्भाह गर्न सक्ने ।)

२. सरसफाई प्राविधिक - १ जना

योग्यता : जन स्वास्थ्य, अस्पताल व्यवस्थापन, वातावरण विज्ञान वा वातावरण ईन्जिनियरिङ वा सामान्य चिकित्सा सहित २ बर्षको कार्य अनुभव भएको वा सो सरह ।

अनुभव : स्वास्थ्य जन्य फोहर व्यवस्थापनमा १ अनुभव भएको

३.लेखा सहयोगि - १ जना

योग्यता :स्नातक वा प्रमाण पत्र तह पास गरी ३ बर्षको अनुभव भएको ।

४.फोहर संकलक - २ जना (सहचालकको जिम्मेवारी पनि बहन गर्ने।)

५.अटोक्लेभ सन्चालक - २ जना

६.फोहर व्यवस्थापन सहयोगी - ४ जना

७.गाडी चालक - २ जना

८.प्राविधिक -(सिमित समयका लागि सम्झौता गर्न सकिने ( आवश्यकता अनुसार बत्ति, पानी, अटोक्लेभ मर्मत गर्नु पर्दा)

**पेशागत सुरक्षा सामाग्रीको व्यवस्था**

संस्थाले कामको प्रकृति हेरी सम्पूर्ण कर्मचारीको पेशगत सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामाग्रीको व्यवस्थापन गर्नु पर्ने । व्यक्तिगत सुरक्षा सामाग्री भन्नाले पि.पि.इ, ग्लोभस्, माक्स, चस्मा, टोपि, बुट, तथा कार्य स्थलमा साबुन पानीको व्यवस्था गर्नु पर्ने ।

**संस्थाले पेश गर्नुपर्ने कागजात**

१. आशयपत्र फाराम
२. संस्थाको विवरण
३. संस्थाको कानूनी (दर्ता,नविकरण, भ्याट दर्ता, करचुक्ता) दस्तावेज/प्रमाणपत्र)
४. संस्थाको प्रोफाइल तथा कामको अनुभव
५. संस्थाको विगत ३ वर्षको बित्तिय कारोवार सम्बन्धी बिवरण
६. संस्था कालो सुचीमा नपरेको स्वघोषित पत्र
७. संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण
८. संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत बिज्ञहरुको विवरण तथा कार्य अनुभवको क्षेत्र ( बायोडाटा पेश गर्दा स्वयंले हस्ताक्षर गरी प्रमाणीत गरी पेश गर्न पर्ने छ )
९. अन्य केही भएमा उल्लेख गर्ने

**संस्थागत व्यवस्था**

संस्थामा कर्मचारी बाहेक निम्न स्रोत साधनको व्यवस्थापन गर्नु पर्ने छ ।

१.स्वास्थ्य जन्य संक्रमित फोहर ढुवानी गर्ने वन्द बक्तर गाडी २ वटा ।

२.फोहर लोड र अनलोड गर्ने सामाग्रीहरु ।

३.फोहर निर्मलिकरण गर्न आवश्यक सामाग्रीहरु तथा फोहर निर्मलिकरण भए नभएको यकिन गर्ने सामाग्रीहरु ।

४.फोहर निर्मलिकरण गरिसके पछि, सेनेटरी ल्याड फिल्डमा फोहर विसर्जन गर्ने ट्रलिहरु ।

५. संस्थाको समन्वय तथा पत्राचारका लागि सम्पर्क कार्यलय ।

६. कर्मचारीहरुलाई कामको शिलशिलामा हुने सुरक्षा प्रोटोकल तथा प्राथमिक उपचारको सामाग्री ।
७. कर्मचारीहरुको स्वास्थ्य बिमाको व्यवस्था गर्ने ।

**सेवा अवधि**

नेपालगञ्ज उप-महानगरपालिका तथा छनोट भएको संस्थाको करार सम्झौता १० (दश) बर्षको हुने छ र प्रत्येक २/२ वर्षमा कबोल अंकको ५ प्रतिशतले रकम वृद्धिहुदै जानेछ । ।

**सेवा शुल्क**

नेपालगञ्ज उप-महानगरपालिकाले संस्थालाई २ वटा भ्याकुम अटोक्लेभ, १ वटा बेलर , तथा वडा नं २३ हिरमिनियामा निमार्ण भौलिक संरचना हस्तान्तरण गर्ने छ । छनोट भएको संस्थाले कार्य संचालन भएको देखि प्रति बर्ष न्यूनतम रु १,५०,०००/-(अक्षरुपी रु एक लाख पचास हजार मात्र) (नियमानुसार लाग्ने कर बाहेक) नेपालगञ्ज उप-महानगरपालिकालाई प्रदान गर्नु पर्ने छ । संस्थाले सेवाग्राही स्वास्थ्य संस्थाहरुबाट निम्न बमोजिमको दरले सेवा शुल्क लिन सक्ने छ ।

- संक्रमित फोहर (Infectious Waste) - रु ३१/- प्रति के. जी
- निर्मलिकरण गरिएको फोहर (Treated Waste) - रु २१/- प्रति के. जी
- साधारण फोहर (General Waste) - रु ७/- प्रति के. जी

**मूल्यांकन आधार**

**प्राविधिक मूल्यांकन** (100 marks )

- General Experience – 10 marks
- Specific Experience – 15 marks
- Human Resources – 50 marks
- Methodology – 25 marks
  Pass marks – minimum 60 marks

**आर्थिक मूल्यांकन** - प्राविधिक मूल्यांकनमा पास हुने प्रस्तावदाताहरुको मात्र आर्थिक मूल्यांकनमा समाबेश गरिनेछ र बढाबढको आधारमा प्रस्तावदाताको छनौट हुनेछ ।